आज मिति २०८२ भाद्र २४ गते मंगलबारका दिन यस लिखु पिके गाउँपालिकाका अध्यक्ष श्री मिना कार्की (बस्नेत) को अध्यक्षतामा तपशील बमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा चालू आ.व. २०८२/०८३ को चौथों गाउँ कार्यपालिकाको बैठक बसि निम्नानुसारको निर्णय गरियो:

**उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिना कार्की बस्नेत | अध्यक्ष | |
| २ | श्री ङवाङ ल्हाक्पा शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री मिङ्मार गेल्जे शेर्पा | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री मणिराज बस्नेत | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री ध्रुव बहादुर बस्नेत | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हिक्मत बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री ङिमाछिरी लामा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री सोममाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९ | श्री शोभादेवी लामिछाने | कार्यपालिका सदस्य | शोभा |
| १० | श्री सविता वि.क. | कार्यपालिका सदस्य | |
| ११ | श्री चित्रमाया बराईली | कार्यपालिका सदस्य | चित्र |
| १२ | श्री निर कुमार वि.क. | कार्यपालिका सदस्य | |
| १३ | श्री मान बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १४ | श्री अग्नी प्रसाद पराजुली | सचिव | |
| १५ | श्री गोविन्द बस्नेत | स.क.अ. | |

आमन्त्रित

कल्याण भुजेल - का.स.

CamScanner

प्रस्तावहरू:

१. अघिल्लो बैठक समीक्षा सम्बन्धमा।

२. बिदा सम्बन्धमा


३. संघीय शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षकको तलबभत्ता सम्बन्धमा।

निर्णयहरु:

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा मिति २०८२ भाद्र २२ गते बसेको तेस्रो कार्यपालिका बैठकमार्फत भएका निर्णयहरु के कति कार्यान्वयन भए र के कति भएनन् ? नहुनुका कारण के के हुन भनेर व्यापक छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा मिति २०८२ भाद्र २३ गते सोमबारका राजधानी काठमाण्डौं लगायत देशका विभिन्न शहरहरुमा भएको Gen Z पुस्ताका नेपाली युवाहरुद्वारा आयोजित आन्दोलनका क्रममा सुरक्षाकर्मीहरुको गोली लागि केही व्यक्तिहरुको मृत्यु भएको साथै सयौं व्यक्तिहरु घाईते भई अस्पतालमा उपचारार्थ रहेको दुखःद घटनाप्रती लिखु पिके गाउँपालिका दुख व्यक्त गर्दछ । साथै Gen Z पुस्ताले उठाएका जायज मागहरु तत्काल सम्बोधन गरी वार्ताद्वारा समस्याको समाधान निकाल्न नेपाल सरकारलाई अनुरोध गर्ने र आन्दोलनका क्रममा मृत्यु भएका व्यक्तिहरुको दिवंगत आत्माको चिरशान्तीको कामना गर्दै सम्पुर्ण मृतकहरुप्रती हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै मिति २०८२ भाद्र २५ गते बुधबारका दिन आकस्मिक सेवा बाहेकका गाउँपालिकाबाट प्रवाह हुने सम्पुर्ण सेवाहरु/लिखु पिके गाउँपालिका भित्रका सम्पुर्ण विद्यालयहरु बन्द गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिका भित्रका विद्यालयमा संघिय शिक्षण सिकाई अनुदान शिक्षक माध्यमिक तह १ र निम्न माध्यमिक तह १ अनुदान कोटा यस आ.व. २०८२/०८३ मा केन्द्रबाट अनुदान प्राप्त नभएको हुँदा उक्त तहमा कार्यरत शिक्षकहरुलाई यस गाउँपालिका अनुदान शिक्षक कर्मचारी र बाल बिकास थप तलब भत्ता शिर्षकबाट खर्च हुने गरि माध्यमिक तहको अनुदानका लागि श्रावण १ देखि भाद्र १५ सम्म र निम्न माध्यमिक तहको अनुदानका लागि असोज महिनासम्मको तलब भत्ता र चाड पर्व खर्च समेत दिने सर्वसम्मत निर्णय गरियो ।



CS CamScanner